बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# उद्योग तथा वाणिज्य कार्यालय

पत्र.संख्या : २०८२/०८३
च.नं. : ३८६

राम प्रसाद कुस्मा
कार्यालय प्रमुख
सुर्यविनायक, भक्तपुर

## विषय: प्रविधि हस्तान्तरणको लागि दरखास्त आव्हान गरिएको सूचना ।

(सूचना नं २, प्रकाशित मितिः २०८२/०७/१६)

उद्योग तथा वाणिज्य कार्यालय, सुर्यविनायक, भक्तपुरको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमं सञ्चालनको लागि विनियोजित रकमको परिधिभित्र रही तपसिलमा उल्लेखित स्थानमा संञ्चालन रहेका उद्योगहरूको लागि प्रविधि हस्तान्तरण कार्यविधि, २०८१ को अनुसुची १ को अधिनमा रही यस कार्यालयको ५० प्रतिशत अनुदान र सम्वन्धित उद्योग/उद्योमीको तर्फवाट ५० प्रतिशत लागत साझेदारीमा आफ्नो उद्योगको प्रकृति तथा उद्देश्यसंग सम्वन्धित प्रविधि (मेशिन, औजार र उपकरण) खरीदका लागी अनुदान उपलब्ध गराईने भएकोले, आफुलाई आवश्यक प्रविधिको विवरण सहित तोकिएको ढाँचामा यो सुचना प्रकाशन भएको मितिले ३० (तीस) दिन (२०८२/०८/१५ सम्म र अन्तिम दिन विदा परेमा त्यसको भोली पल्ट समेत) भित्र प्रस्ताव—निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | कार्यक्रमको नाम | लक्षित वर्ग तथा क्षेत्र | वजेट | प्रस्ताब साथ पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण (उद्यमीको ५० प्रतिशत लगानी साझेदारी) | भक्तपुर जिल्लामा संचालनमा रहेको उद्योगहरू | रू २४ लाख ४९ हजार (कार्यक्रम - ११.३.२२.५१) | • कार्यालयले तोकेको ढाँचाको निबेदन ।<br>• उद्योग दर्ता/नवीकरण प्रमाण पत्रको प्रतिलिपी ।<br>• स्थायी लेखा (प्यान/भ्याट दर्ता) प्रमाण पत्रको प्रतिलिपी ।<br>• नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।<br>• समावेशी समूहको भए सोको प्रमाणपत्र<br>• आ.व. २०८१/०८२ सम्मको आन्तरीक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।<br>• अनुभव तथा तालिमका प्रमाण पत्रहरुको प्रतिलिपी । |
| २ | माटोको भाँडा पोल्ने भट्टी स्तरोनत्तीका लागि प्रविधि हस्तान्तरण | मध्यपुर थिमि न.पा. भित्र संचालनमा रहेका उद्योगहरू | रू ३ लाख ५० हजार (कार्यक्रम — १.३.५.४६) | |
| ३ | फलाम पगाल्ने भट्टी स्तरोनत्तीका लागि प्रविधि हस्तान्तरण | भक्तपुर जिल्लामा संचालनमा रहेको उद्योगहरू | रू ३ लाख ५० हजार (कार्यक्रम — १.३.५.४७) | |

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
उद्योग तथा वाणिज्य कार्यालय

पत्र.संख्या : २०८२/०८३
च.नं. : ३८६

सुर्यविनायक, भक्तपुर

## शर्त तथा प्राथमिकता

१. प्रविधि माग सम्वन्धि निवेदन (अनुसुची — २) यस कार्यालयबाट तथा कार्यालयको वेभसाइटमा उपलब्ध हुनेछ।

२. प्रविधि माग सम्वन्धि निवेदन प्रविधि (मेशिन, औजार र उपकरण) हस्तान्तरण सम्वन्धि कार्यविधि २०८१ को अनुसुची —२ को ढाँचामा पेश गर्नु पर्नेछ ।

३. यस अघि प्रविधि नलिएका उद्यमीहरुले नेपाल सरकार/ प्रदेश सरकार/वा स्थानीय तहबाट कुनै किसिमको सहयोग वा अनुदान प्राप्त नगरेको भन्ने सम्वन्धित वडाको सिफारिस वा स्वघोषणा पत्र पेश गर्नुपर्ने छ ।

४. निवेदन दस्तुर वापतको रु १००।— (एक सय रुपैयाँ) मात्र यस कार्यालयमा बुझाउनु पर्ने छ ।

५. म्याद नाघी वा रीत नपुर्याई वा अवधि नपुगेको प्रस्तावहरु स्वतः बदर हुनेछन ।

६. सरकारी निकायबाट शीपमुलक तालिम लिई संचालनमा रहेको उद्यमी/उद्योगहरूलाई प्राथमिकता दिईनेछ ।

७. प्राप्त प्रस्ताव कार्यविधि बमोजिमको मूल्याङ्कन समितिद्धारा मूल्याङ्कन हुनेछ ।

८. अन्य थप आवश्यक जानकारी कार्यालयको फोन नं. ०१—५०९२६९६, ०१—५०९२५८४ वा वेभसाइट वा फेसवुक पेज मार्फत प्राप्त गर्न सकिनेछ ।

९ यस कार्यालयवाट सिफारिस भई राष्ट्रिय वाणिज्य बैंक लि. (शाखा कार्यालय) सुर्यविनायकबाट लगानी गरिएका महिला उद्यमीहरुको कर्जा तिरेको रसिदको फोटोकपि (कर्जा लिएका उद्यमीको हकमा मात्र) समेत पेश गनुपर्ने छ।

नोटः— यस अघि यस कार्यालयबाट अनुदान प्राप्त गरेको ३ बर्ष अवधि नपुगेका उद्यमीहरुले प्रस्ताब पेश नगर्नुहुन जानकारी गराईन्छ ।

राम प्रसाद कुस्मा
कार्यालय प्रमुख

अनुसूची २

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## **निवेदनको ढाचाँ**

मिति :..............................

**श्रीमान् कार्यालय प्रमुखज्यू,**
**उद्योग तथा वाणिज्य कार्यालय, भक्तपुर ।**

विषय : **प्रविधि खरीदको लागि अनुदान उपलब्ध गराई पाउँ ।**

महोदय,

मेरो/हाम्रो नाममा उद्योग तथा वाणिज्य कार्यालयमा दर्ता भएको ............................................................ दर्ता नं. .................................... को उद्योग प्रवद्धन गर्न आवश्यक भएकोले प्रविधि हस्तान्तरण अन्तर्गत निम्न बमोजिमका मेसिन / आँजार/उपकरण खरदिका लागि ५० प्रतिशत लागत साझेदारीमा अनुदान उपलब्ध गराइदिनुहुन निवेदन दस्तुर वापत रु १००।- (एक सय) राजश्व दाखिला गरेको बैंक भौचर/ नगदी रसिद सहित यो निवेदन पेश गरेको छु / छौं

**निवेदनको विवरण**

१. उद्योगीको पुरा नाम :........................................................... लिङ्ग :.....................

ठेगाना :.......................................................

२. उद्योगको नाम :...................................................

ठेगाना :...............................................

३. उद्योग दर्ता नं. र दर्ता मिति :..............................................

४. उद्योगमा लगानी भएको पुर्जीं

(क) स्थिर पुजी......................... (ख) चालु पुँजी ........................ (ग) जम्मा पुँजी.......................

५. उद्योगबाट उत्पादन हुने वस्तुको विवरण (वार्षिक) : ........................

६. उत्पादन निर्यात गर्ने/ नगर्ने :

निर्यात गर्ने भए गतवर्षे गरेको निर्यातको विवरण :...........................

७. उद्योगले प्रदान गरेको रोजगारी संख्या :.......................................

८. उद्योगमा प्रयोग हुने कच्चापदार्थ र श्रोत :......................... ......................... .................

९. यसअघि कुनै सरकारी अनुदान प्राप्त गरे /नगरेको :

गरेको भए अनुदान दिने निकाय, रकम र मिति :..................................

१०. माग गरेको मेसिन/औजार/उपकरणको र अनुमानित लागत :

| क.स. | मेसिन/औजार/उपकरणको नाम | अनुमानित लागत |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

११. उत्पादनमा हुने मूल्य अभिवृद्धिको प्रतिशत :......................

**अनिवार्य रुपमा संलग्न गनुपर्ने कागजातहरु**

१. उद्योग दर्ता / नविकरण प्रमाणपत्र
२. प्यान दर्ता नं. र कर चुक्ता पत्र (गत आ.व. सम्मको)
३. समावेशी समूह भए सोको प्रमाणपत्र
४. अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपिहरु ।

**निवेदक**

नाम :.............................

दस्तखत :........................

मिति :.............................